नेपाल सरकार

# कृषि, वन तथा पर्यावरण मन्त्रालय

☎ ४२११९२९, ४२११८०८, ४२११९३२, ४२११६६५

सिंहदरबार, काठमाडौं
नेपाल

पत्र संख्याः-
चलानी नं.:-

नेपाल सरकार कृषि, वन तथा पर्यावरण मन्त्रालय सिंहदरबार, काठमाडौं

## शुभकामना

**२३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव, २०८३**
**"जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि "**

हरेक वर्ष आषाढ १५ का दिन मनाईने **राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सव**को २३औं संस्करण यस वर्ष **"जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि"** मूल नाराका साथ मनाइँदै छ । यस अवसरमा धानबाली उत्पादन, प्रशोधन र व्यवसायमा आबद्ध सम्पूर्ण कृषक एवं सरोकारवालाहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

करिब ६५ प्रतिशत कृषक घरधुरी खेतीमा आबद्ध रहेको धानबाली अधिकांश कृषक परिवारको जीविकाको माध्यम रहनुका साथै राष्ट्रिय अर्थतन्त्र र खाद्य सुरक्षामा योगदानको दृष्टिकोणले नेपालको प्रमुख बाली समेत हो । खानेबानीमा आएको परिवर्तनका कारण धान चामलको माग वृद्धि भएको र विगत केही वर्षदेखि धानबाली उत्पादन र क्षेत्रफलमा आएको सङ्कुचनका कारण धानबालीको उत्पादकत्व बढाउनु पर्ने आवश्यकतासँगै जलवायु परिवर्तन प्रभाव न्यूनीकरण गरी समुत्थानशील उत्पादन प्रणाली विकास गर्नु पर्ने चुनौती समेत रहेको छ । यी आवश्यकता र चुनौती मध्यनजर गरी मन्त्रालयले वर्षेसँगै चैते धानबाली प्रवर्धन, जातीय विकास, प्रविधि प्रसार, प्रदेश सरकार र स्थानीय तहको समन्वयमा स्रोत तथा उन्नत बीउ विजनमा प्रोत्साहन अनुदान, जैविक विविधता संरक्षण, मलखाद तथा कृषि यन्त्रमा पहुँच विस्तारका साथै न्यूनतम समर्थन मूल्य कार्यान्वयनलाई निरन्तरता दिंदै आएको छ । साथै, नेपालको रैथाने र स्थानीय जात संरक्षण र संवर्द्धन गरी राष्ट्रिय बीउ प्रणालीमा आबद्ध गराउन रैथाने तथा स्थानीय जात दर्ताका लागि कानूनी व्यवस्था गरी कार्यान्वयन समेत गरिएको छ।

"शून्य भोकमरी" प्रति नेपालको प्रतिबद्धता प्राप्तिका लागि धान बालीको उत्पादन र उत्पादकत्व वृद्धि, संचिति एवं उपभोगको भूमिका अपरिहार्य रहने सन्दर्भमा यस दिवसले सम्पूर्ण कृषक र सरोकारवालाहरुलाई धानबाली उत्पादन प्रवर्धनमा सामूहिक पहलका लागि अभिप्रेरित गर्ने विश्वास गर्दै **"जलवायुमैत्री प्रविधि, धानमा आत्मनिर्भरता र समृद्धि"** नाराका साथ आज मनाईंदै गरेको २३औं राष्ट्रिय धान दिवस तथा रोपाइँ महोत्सवको सम्पूर्णमा हार्दिक शुभकामना व्यक्त गर्दछु ।

२०८३ आषाढ १५, सोमबार

(डा. राजेन्द्र प्रसाद मिश्र)
सचिव
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सचिव